च.नं. ३६४/०८१/०८२

# बी.पी.कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान,धरानको

## आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मितिः२०८१/०४/...... गते............ राष्ट्रिय दैनिक पत्रिका )

यस प्रतिष्ठानको अस्पताल तर्फका ICU, HDU लगायत विभिन्न वार्डहरूका लागि आवश्यक स्टाफ नर्स र इलेक्ट्रिकल इन्जिनियरिङ्ग शाखाको लागि ओभरसियर(एयर कन्डिसनिङ्ग/रेफ्रिजरेसन) पदहरू करार सेवामा पदपूर्ति गर्नुपरेको हुदा देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो वायोडाटा, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी यो सूचना प्रकाशित मितिले ३०(तीस) दिनभित्र प्रतिष्ठानको मुख्य कार्यालय, धरानमा रीतपूर्वकको दरखास्त बुझाउन हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । रीत नपुगेको र म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

(क) पद, आवश्यक संख्या तथा न्यूनतम योग्यताः

| क्र.सं. | पद | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १. | स्टाफ नर्स | ११७ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाण पत्र तह उतिर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । |
| २. | ओभरसियर (एयर कन्डिसनिङ्ग/रेफ्रिजरेसन) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको हुनुपर्ने । |

(ख) सेवाको किसिम : करार सेवा

(ग) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता

(घ) परीक्षाको अंकभार : लिखित परीक्षा ७५ र अन्तर्वार्ता परीक्षा २५

१। दरखास्त पाइने स्थान : प्रतिष्ठानको मुख्य कार्यालय घोपा, धरान एवं सम्पर्क कार्यालय, काठमाण्डौ ।

२। दरखास्त बुझाउने स्थानः प्रतिष्ठानको मुख्य कार्यालय घोपा, धरान ।

३। तलव तथा अन्य सुविधा प्रतिष्ठानको नियमानुसार हुनेछ ।

४। सरकारी वा गैह्र सरकारी कार्यालय, शिक्षण संस्थामा काम गरिरहेका उम्मेद्वारहरूले सम्बन्धित कार्यालयको विभागिय स्वीकृति अनिवार्य पेश गर्नु पर्नेछ ।

५। दरखास्त फारम तथा परीक्षा दस्तुरः रू.१,५००/०० स्ट्याण्डर्ड चार्टर्ड बैक नेपाल लिमिटेड, विराटनगरको चल्ती खाता न ०१-०२५६०२१-०१ वा सनराइज बैंक लिमिटेड, धरानको चल्ती खाता नं.००३१०२५१४७७०१८ मा जम्मा गरेको सक्कल भौचर वा प्रतिष्ठानको बिल काउन्टरमा नगद जम्मा गरेको रसिद दरखास्त फारमसाथ संलग्न गर्नुपर्नेछ ।

६। अन्तर्वार्ता मिति पछि प्रतिष्ठानको वेव साइट मार्फत प्रकाशन गरिनेछ ।

७ अन्य विवरणको लागि प्रतिष्ठानको वेव साइट www.bpkihs.edu, सूचना पाटी र दरखास्त फारम हेर्नु होला । साथै प्रतिष्ठानको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ । अथवा, pas@bpkihs.edu मा मेल गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

८। प्रतिष्ठानमा आवासको सुविधा उपलब्ध हुनेछैन ।

रजिष्ट्रार